आज मिति २०७७ साल भाद्र २३ गते बिहान ८: १५ बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेती ज्यू को अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| श्री एकराज उप्रेती | गांउपालिका अध्यक्ष | अध्यक्ष |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य |
| श्री बिष्णु थिङ्ग | ३ नं. वडा का.बा. अध्यक्ष | सदस्य |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य |
| श्री देबराज चौलागाई | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

आमन्त्रित/बैठक सहयोगी

श्री संगीता अधिकारी — लेखा अधिकृत



Scanned by TapScanner

निर्णय नं १

आ.ब.०७७-०७८ को लागी यस गांउपालिका क्षेत्रको नदीजन्य पदार्थ (ढुङ्गा गिटी बालुवा) निकासी शुल्क संकलन प्रयोजनकोलागी जिल्ला समन्वय समितिबाट तपशीलका क्रसर तथा बालुवा उधोगहरुमा रहेका गत आ.ब. मा निकासी भइ बांकी मौज्दात प्रमाणीत भएकोले निजहरुको उधोगबाट निकासी हुने गरि पठाइएका सामग्रीहरुमा मिति २०७७/०५/२४ देखिनै निकासी खुल्ला गर्ने निर्णय गरियो ।

तपशील:

| सि.नं. | उधोगको नाम | प्रमाणीत मौज्दात परिमाण(घ.मी.) | फरक परिमाण(घ.मी.) |
|---|---|---|---|
| १ | चतुरमुखि क्रसर उधोग | ५५२२१ | २७९६०.८४ |
| २ | कामना क्रसर उधोग | ० | १८८९५.२३ |
| ३ | जय मनहरी बालुवा उधोग | २३१०५ | १३५५.७ |
| ४ | जनसेवा क्रसर उधोग | ११८११ | २१८७०.३८ |
| ५ | सिमपानी बालुवा उधोग | २३३० | ५९७७.९७ |
| ६ | दुर्गालक्ष्मी क्रसर उधोग | २३३० | ८६६३.७७ |
| ७ | दाङ्ग सिङ्ग सेण्डको उधोग | १५४४६ | २५५९.३७ |
| ८ | मनकामना क्रसर उधोग | १६६०५ | ५३२९.९८ |
| ९ | त्रिमुर्ति क्रसर उधोग | ५२७०२ | १७४३५.७५ |
| १० | मनहरी क्रसर उधोग | १०५३५ | ८४०.८ |
| ११ | ओम शान्त बालुवा उधोग | ८७७५ | ३६०६.९१ |
| १२ | स्वस्तिक क्रसर उधोग | ५१७१९ | ४००८४.७३ |
| १३ | आफ्नै बालुवा उधोग | १५५२५ | १४५२३.०७ |
| १४ | संतोषि बालुवा उधोग | ५५३३ | ४०६१.३९ |
| १५ | बर्तौला बालुवा वास प्लान्ट | २९६५ | (१५.९) |

साथै जि.स.स.बाट प्रमाणीत भएको बाहेक श्रोत नखुलेको फरक परिमाण अथवा चोरी पैठारी वा जफत योग्य पदार्थलाई जरिवाना गर्ने,त्यस्तो मौज्दातमा रु.१०.१७ का दरले एकमुष्ठ कर असुली गर्ने लगायत जानकारी गराईएको बिषयमा प्रदेश मापदण्डमा व्यवस्था भए बमोजिमको स्थानिय अनुगमन समितिको बैठकको राय समेत लिई आगामी बैठकमा पेश गर्ने समेत निर्णय गरियो ।

निर्णय नं २

आ.ब.०७७/०७८ को लागी नदिजन्य पदार्थ निकासी शुल्क संकलनको लागी यथासिघ्र ठेक्का बन्दोबस्ती गर्ने कार्य अगाडी बढाउने निर्णय गरियो । ठेक्का बन्दोबस्ती नहुन्जेल सम्म उत्खनन र राजस्व संकलन सम्बन्धि कार्ययोजना २०७७ बमोजिम अमानतमा राजस्व संकलन गर्ने सम्बन्धमा बनेको कार्ययोजना २०७७ स्वीकृत गर्ने र सोही कार्ययोजनामा तोकिएको पारिश्रमिक/सुबिधा पाउने गरि तपशीलका व्यक्ति/कर्मचारीहरुलाई (स्थायी,करार,ज्यालादारी) परिचालन गर्ने निर्णय गरियो ।निजहरुलाई तोकिएको नाका वा आबस्यकता बमोजिम अन्य नाकामा समेत राजस्व प्रशासन शाखाबाट खटाउन सकिने समेत निर्णय गरियो ।

एकराज उप्रेती

Scanned by TapScanner

तपशीलः

| सि.नं. | कर्मचारीको नाम | स्थायी/करार/ज्यालादारी | खटाईने नाका |
|---|---|---|---|
| १ | वडा सचिव-भरत भण्डारी-६ नं वडा | स्थायी | सुनाचुरी नाका |
| २ | खा.पा.स.टे-छत्रबहादुर के.सी.-गांउपालिका | स्थायी | रजैया नाका |
| ३ | अमिन-प्रमोदकुमार ढोडरी-गांउपालिका | स्थायी | रजैया नाका |
| ४ | का.स.-राजेन्द्रकुमार क्षेत्री-गांउपालिका | स्थायी | सुनाचुरी नाका |
| ५ | कर संकलन-सरोज मुक्तान-गांउपालिका | ज्यालादारी | सबै तिर |
| ६ | राजु राई-वडा नं ६ निबासी | ज्यालादारी | सुनाचुरी नाका |
| ७ | श्री कृष्ण खतिवडा-वडा नं ७ निबासी | ज्यालादारी | सुनाचुरी नाका |
| ८ | जयराम सुबेदी-वडा नं ८ निबासी | ज्यालादारी | सुनाचुरी नाका |
| ९ | बुद्ध लामा-वडा नं ३ निबासी | ज्यालादारी | सुनाचुरी नाका |
| १० | कृष्णबहादुर तमाङ्ग-वडा नं ५ निबासी | ज्यालादारी | रजैया नाका |
| ११ | भुवन थापामगर– वडा नं ९ निबासी | ज्यादादारी | रजैया नाका |

**निर्णय नं ३**

**आ.ब.०७७/०७८** को जिल्ला दररेट समितिबाट प्रास दररेटलाई स्थानिय आबस्यकता अनुसार पुनराबोलोकन गर्न गठीत समितिबाट पुनराबलोकनको लागी सिफारीस प्रास भएको तपशील बमोजीम सामग्रीको दररेट तपशील बमोजीम कायम गर्ने निर्णय गरियो ।

तपशीलः

| सि.नं. | बिबरण | इकाइ | परिमाण | दररेट |
|---|---|---|---|---|
| 1 | Gravel(reverbed meterial) | cum | 1 | 600 |
| 2 | Ccrushed aggregate(20mm down) | cum | 1 | 900 |
| 3 | Crushed aggregate(40mm down) | cum | 1 | 800 |
| 4 | Well seggrigate(20mm down) | cum | 1 | 700 |
| 5 | Well seggrigate(40mm down) | cum | 1 | 650 |
| 6 | राम्रो सिलकट गिट्टी | cum | 1 | 1100 |



निर्णाय पमाणिते
अधिकृत

एकराज उप्रेती
अध्यक्ष

Scanned by TapScanner

| | | | | |
|---|---|---|---|---|
| 7 | Stone Dust | cum | 1 | 800 |
| 8 | खोलाको गोलो ढुङ्गा | cum | 1 | 900 |
| 9 | पखालेको बालुवा | cum | 1 | 1420 |
| 10 | Skilled Labour | day | 1 | 930 |
| 11 | Unskilled Labour | day | 1 | 675 |

निर्णय नं ४

आ.ब.०७७/०७८ का सार्बजनिक निर्माणका कार्यक्रम तथा योजनाहरु कार्यान्वयनमा जान वडाहरुमा उपभोक्ता समिति गठन गरि पठाउन पत्राचार गर्ने निर्णय गरियो ।साथै प्रदेश तथा संघ बाट प्राप्त बिषेश र समपुरक लगायत गांउपालिकाबाट बिनियोजित ठूला प्रकारका योजनाहरुको बृष्तृत परियोजना प्रतियोजन (DPR),सम्भाव्यता अध्ययन (Fisibility Study),गुरु योजना (Master Plan) तयार गरि बोलपत्र वा शिलबन्दी दरभाउपत्र मार्फत खरिद गर्न ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ५

यस अघिको निर्णयबाट वडा नं १,२,४,५,६,८ र ९ मा संचालन सुरु गरिएका वडा सामुदायीक स्वास्थ्य इकाइहरुमा खानेपानी,बिधुत,फर्निचर लगायत केही मर्मत र व्यबस्थापनको कार्य गर्नुपर्ने भएकोले सो कार्यकोलागी प्राबिधिक बाट ल.ई.तयार गरि चालु भैपरी बिबिध शिर्षकबाट खर्च लेख्ने निर्णय गरियो ।साथै सम्बन्धित वडामा सञ्चालित वडा सामुदायीक स्वास्थ्य ईकाइ भवनको नामाकरण गर्न वडा अध्यक्षहरुलाई जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं ६

वडा नं ७ रमनटारमा संचालन गरिएको कोभिड–१९ रोकथाम गर्ने क्वारेन्टाइनमा भएको खर्च रु.१६३००० अनुमोदन गरि भुक्तानी बांकी भएकोमा चालु खर्च शिर्षक बिभिन्न स्वास्थ्य प्रबर्धन कार्यक्रमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ७

स्थानिय सरकार संचालन ऐन तथा मनहरी गांउपालिकाको कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा बनेको ऐन २०७६मा भएको अधिकार प्रयोग गरि तयार गरिएको नदिजन्य पदार्थको राजस्व संकलन ठेक्का बन्दोबस्ति सम्बन्धि कार्यबिधि २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ८

वडा नं ३ मा संचालित डोठे सुकौरा खानेपानी योजनामा काम सम्पन्न भइ भुक्तानी बांकी भएकोमा सम्पन्न कामको मुल्याङ्कन गर्न योजनाको ल.ई.मा श्रमिकबाट गर्ने भनिएको कार्य कोभिड–१९ को कारण प्रभाबित भइ मेशीनबाट सम्पन्न भएकोले द्धिबिधा भएको भनि प्राबिधिकबाट मागिएको राय अनुसार जे जसरी कार्य सम्पन्न भएको छ त्यसैलाई आधारमानि मुल्याङ्कन गर्ने र नापजांचको आधारमा भुक्तानी दिनुपर्ने रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ९

बिभिन्न वडाका टोलहरुबाट हालैको बर्षातको कारण घर गोठ लगायत खेती योग्य जमिनमा क्षेति पुग्ने सम्भावना भइ रोकथामकोलागी तार जाली माग भएकोले बिपद व्यबस्थापन कोषबाट रु.५००००० तार जालि खरिद गरि प्राबिधिकको प्रतिबेदन (ल.ई.लगायत)को आधारमा उपलब्ध गराउने निर्णय गरियो ।



Scanned by TapScanner

निर्णय नं १०

यस अघि कार्यपालिका तथा बिपद व्यबस्थापन समिति लगायतको निर्णयबाट खरीद गरि बिभिन्न हावाहुरी पिडित तथा आगलागी पिडितलाई जस्ता पाता उपलब्ध गराउदा खरिद गरिएको भन्दा बढी जस्ता पाता बितरण गर्नुपर्ने भएकोले उपलब्ध गराइएको जस्तापाता खरिद बापतको केही रकम भुक्तानी गर्न बांकी भएकोमा बिल बमोजिम भुक्तानी गर्न बांकी रकम नियमानुसार बिपद व्यबस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ११

जिल्ला समन्वय समितिबाट स्टक प्रमाणीत गर्दा यस पालिका क्षेत्रका सप्लायर्सहरु तथा स्थानिय ट्याक्टर व्यबसायीले थुपारेको बेवारिसे अबस्थामा रहेका कतिपय नदिजन्य मौज्दातको संदर्भमा जि.स.स.बाट प्रमाणीकरण भएको पदार्थ अन्तर्गत समाबेश नभएकोमा निजहरुले बुझाउन पर्ने खरीद बिक्रि को बिबरण लगायत बिल भरपाई माग गर्ने संदर्भमा समेत स्थानिय अनुगमन समितिमा छलफल गरि प्राप्त सुझाब अनुसार आगामी बैठकमा पेश गर्ने निर्णय निर्णय गरियो ।

निर्णय नं १२

कार्यालयको केन्द्र भवन नभएको कारण कार्य सम्पादनमा परेको समस्यालाई मध्यनजर गरि वडा तथा केन्द्र भवन निर्माणकोलागी पूंजिगत शीर्षकमा बिनियोजित रकमबाट यस अघि डि.पि.आर.गरिएको डिजाइन र लागत अनुमान बमोजिम तोकिएको स्थानमा निर्माण कार्य गर्ने गरि तत्काल ठेक्का बन्दोबस्तीको सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं १३

कोभिड–१९ को महामारी नियन्त्रणकालागी केही वडाका बिधालयहरुमा संचालित क्वारेन्टाइन स्थल अन्यत्र स्थानान्तरण गर्नुपर्ने भएकोले यस अघि बिपद व्यबस्थापन समितिबाट बनेको ठाकुर तितुङ्ग संयोजक रहेको समितिको सिफारिस बमोजिमको स्थानमा सार्न स्वास्थ्य इकाइलाइ अनुमती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं १४

प्रदेश तथा संघबाट समपुरक योजनामा बिनियोजित मकरी लामिटार सडक निर्माणको कार्य कुन कुन खण्डमा के कस्तो निर्माण कार्य संचालन गर्ने भन्ने सम्बन्धमा वडा नं १ देखि ४ सम्मका वडा अध्यक्षहरुले दिएको निर्णय बमोजिम हुने गरि योजना संचालन गर्न शैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं १५

वडा नं १ को कार्यालय भवन बनाउन ठेक्का सम्झौता भएकोमा सडक क्षेत्र अपुग भइ ले–आउट गर्न समस्या परेकोमा छिमेकी निजि जग्गाधनिले आफ्नो हकभोगको जग्गाबाट सडक क्षेत्र छुट्याइदिनेछु भनि दिएको मन्जुरी अनुमोदन गर्ने निर्णय गरियो ।सोही बमोजिम कार्य अगाडी बढाउन प्राबिधिकलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं १६

हालैको बर्षातको कारण खराब भइ तत्काल मर्मत सम्भार गरि संचालन गरिएका बिभिन्न वडाका सडक,खानेपानि,तटबन्ध लगायत अन्य संरचनामा भएको बिल बमोजिमको खर्च प्राबिधिकबाट मुल्याङ्कन गराइ पुंजिगत सम्पत्ति संरचना मर्मत सम्भार कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।



निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

Scanned by TapScanner

निर्णय नं १७
वडा नं ४ को कार्यालय भवन निर्माणकोलागी भनि स्वीकृति प्राप्त जग्गा प्राविधिक दृष्टकोणबाट उपयुक्त नभएको प्राबिधिक प्रतिबेदनको आधारमा त्यस स्थानमा निर्माण गर्न सम्भव नहुने देखिएकोले अन्यत्र उपयुक्त स्थानमा जग्गा खोजि गरि पेश गर्ने वडा नं ४ को कार्यालय लाई लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं १८
वडा नं ८ सिम्पानिमा संचालित यस जिल्लाको पश्चिम क्षेत्रमा भएको एकमात्र सामुदायीक क्याम्पस महेन्द्र किरण बहुमुखि क्याम्पसको भवन,फर्निचर,बिज्ञान प्रयोगशाला लगायत भौतिक पूर्बाधारहरु अधुरा/अपुरा रहेकोले साधन सम्पन्न बनाउन आर्थिक अभाव भएको कारण जिल्ला समन्वय समिति मकवानपुरलाई कम्तिमा ५० लाख आर्थिक सहयोग गरिदिन माग गर्ने  निर्णय गरियो ।

निर्णय नं १९
वडा नं १ निबासी बेदमाया खनालले वडा नं १,३ र ७ बाट दोहोरो पर्ने गरि सामाजिक सुरक्षा भत्ता लिइरहेको भन्ने हालै बिभिन्न मिडियामा समाचार आइरहेको संदर्भमा सत्य तथ्य छानबिन गरि पेश गर्न वडा नं ७ का अध्यक्ष ठाकुर तितुङ्ग संयोजक रहने गरि का.पा.सदस्य राधा पाठक, वडा नं ४ का अध्यक्ष ध्रुब खड्का र लेखा अधिकृत संगिता अधिकारी रहनेगरि एक समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं २०
वडा नं ५ को बशन्तपुर डिल्लिपुर सडक स्तरउन्नतिकोलागी कालोपत्रे गर्ने लगायत योजना संचालन गर्नुपूर्ब सो सडक खण्डको केही स्थानमा रहेका बिधुत पोलहरु अन्यत्र सार्नुपर्ने देखिएकोले सो कामकोलागी बिधुत प्राधिकरण संग समन्वय गरि कार्य गर्न रु.३००००० पूंजीगत बिधुतिकरण योजनामा रहेको शीर्षकबाट रकम बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं २१
वडा नं ७ को बजार क्षेत्रको बिभिन्न सार्बजनिक सडक लगायत क्षेत्र अतिक्रमित गरि बिक्रि गर्ने बस्तु तथा सामग्री राख्ने,पसल राख्ने लगायतको कार्य भइ रहेकोले बजारको सौन्दर्यता एबम मानविय आवागमनमा असर परेको हुंदा त्यास्ता सामग्री हटाइ अतिक्रमित स्थान खालि गर्न उधोग बाणिज्य संघ संग समन्वय गरि कार्य गर्न वडा अध्यक्ष ठाकुर तितुङ्गलाइ अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं २२
गत आ.ब.०७६/०७७ मा सम्झौता भई वा नभई दायीत्व भुक्तानी बांकी रहेका तपशीलका योजना तथा कार्यक्रमहरु सम्पन्न भई आएको अबस्थामा बिल भरपाई लगायत प्रमाण कागजातको आधारमा बैंक बांकी मौज्दातबाट नियमानुसार भुक्तानी दिने निर्णय गरियो । सो कार्यकोलागी ति सबै योजना/कार्यक्रमहरु कार्यालयको अनलाईन बजेट प्रणाली (SuTRA) मा प्रबिष्टि गर्ने निर्णय गरियो ।

तपशील:

| सि.नं. | योजनाको नाम | सम्झौताको प्रकार | बजेट रकम |
|---|---|---|---|



निर्णय प्रमाणित
प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

Scanned by TapScanner

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर
बागमती प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| १ | सेफ हाउस निर्माण | उपभोक्ता समिति | १५ लाख |
| २ | सेफ हाउस व्यबस्थापन सामग्री खरीद | जिन्सी शाखा | ५ लाख |
| ३ | उद्यमी महिला कोशेली घर निर्माण व्यबस्थापन | उपभोक्ता समिति | १० लाख |
| ४ | देवकोट लिफ्ट सिंचाई योजना | उपभोक्ता समिति | १४ लाख |
| ५ | चिलाउनेटार खानेपानी योजना | उपभोक्ता समिति | २ लाख |
| ६ | ज्यामिरे अजिङगरे चुवारपाखा तारुबास खानेपानी | उपभोक्ता समिति | २० लाख |
| ७ | पशुपतीनाथ मा.वि. | उपभोक्ता समिति | १ लाख |
| ८ | भिमान खानेपानी योजना | उपभोक्ता समिति | ७ लाख |
| ९ | हांडीगांउ गोगने खानेपानी योजना | उपभोक्ता समिति | २० लाख |
| १० | चकरी झूल्यान खानेपानी | उपभोक्ता समिति | १० लाख |
| ११ | तल्लो मकरी खोला तटबन्ध निर्माण | उपभोक्ता समिति | १ लाख |
| १२ | घलानटोल ग्राभेल सडक निर्माण | उपभोक्ता समिति | २ लाख |
| १३ | गोगनपानी भ्यु टावर निर्माण | उपभोक्ता समिति | २० लाख |
| १४ | देवकोट भ्यु टावर निर्माण | उपभोक्ता समिति | ८ लाख |
| १५ | ढोढे सुकौरा डिपबोरिङ खोनपानी योजना | उपभोक्ता समिति | ५लाख ५० हजार |
| १६ | माछा पालनकोलागी भूरा बितरण,दाना बितरण जाल खरीद तथा तालिम | समूह/समिति | १५ लाख |
| १७ | कृषि कार्यक्रम टनेला खरीद र बितरण | कार्यालयबाट | २४ लाख |
| १८ | राजस्व सूधार कार्ययोजना | परामर्श सेवा खरीद | १ लाख |
| १९ | समृद्ध मनहरी बूलेटीन प्रकाशन | गांउबेंसी कृयशन प्रा.लि. | ७० हजार |
| २० | शिद्धकाली मंदीर,बूद्धशान्ती पार्क बूद्ध मूर्ति,टांसी फून्छ्योक छ्योइलिङग गूम्बा,रमौली मानेडांडा सडक,स्वास्थ्य भवन लगायत डि.पी.आर. निर्माण | परामर्श सेवा | १२ लाख |
| २१ | पालिका स्तरीय फोहोर व्यबस्थापन योजना तयार | परामर्श सेवा | ५ लाख |
| २२ | अन्य नियमानूसारका बिलभर्पाईहरु बमोजीम भूक्तानी बांकी कार्यक्रम क्रियाकलापहरु | बैंक बांकी बाट भूक्तानी गर्ने | २० लाख |
| २३ | बनकरीया होमस्टे मर्मत तथा व्यवस्थापन | उपभोक्ता समिति | ३ लाख |
| २४ | नदीजन्य पदार्थ उत्खनन कार्य अनूगमनको इन्धन | इ.प्र.का. मनहरी, इ.प्र.का. नेवारपानी, सशत्र प्रहरी बल कत्लेखोला, प्रहरी चौकी सूनाचूरी | १ लाख |

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

...कराज उप्रेती
अध्यक्ष

मेरो अलग राय

माथि उल्लेखित निर्णय नं ६ मा कोभिड १९ रोकथाम गर्न क्वारेन्टाइन मा भएको खर्च अनुमोदन गरी भुक्तानी दिनुपर्ने भनि लेखीएको छ। कोभिड १९ को शुरु देखीनै कामकारवाही कार्यपालिकाको बैठकमा अनुमोदन गरी भुक्तानी दिने प्राय गरेकोले राहत वितरण लगायत क्वारेन्टाइन मर्मत व्यवस्थापन का कामहरु निर्णय ५३ अगाडि भैसकेको र पछी केवल पछी लिखित दस्तावेज मिलाउने काम भएकोले / यो कार्य

Scanned by TapScanner

पूर्व निर्णय वा कसलाई अनुदान दुरुपयोग यो प्राप्त नगरे को हुँदा मेरो पूर्ण असहमती रहेकोछ ।

निर्णय नं १० मा विनोद्र बहादुरी र आगलागी पिडीतलाइ जस्तापाता वितरण गराउदा खरीद गरीएको भन्दा बढी बढी जस्तापाता वितरण भएको र सो रकम विपद व्यवस्थापनकोष बाट भुक्तानी गर्ने निर्णय गरेकोमा अनुगमन समितीको प्रतिवेदन लाइ बेवास्ता गरी ~~आफ~~ कार्यान्वयन गरीएको र वास्तविक पिडी तले पाए नपाएको समेत नहेरी वितरण गर्ने काम भएको हुंदा मेरो असहमती रहेकोछ ।

निर्णय नं - १२ गाउपालीकाको भवन बनाउने तोकीएको स्थानमा निर्माण कार्य गर्ने गरी तत्काल टेण्डर बन्दोबस्तीको सुचना प्रकाशन गर्ने निर्णय गरेकोमा उक्त गा.पा भवन बनाउने भनि तोकीएको स्थान पुरै जंगल भित्र रहेको प्राविधीक दृष्टीकोणबाट जमीन को परीक्षण गर्दा समेत उपयुक्त नभएको भनिएको स्थान र सो ठाँउमा भवन बनाउदा २०० भन्दा बढी रुख कटान गर्नुपर्ने विविध कारणले असुरक्षीत हुने कुरा स्पष्ट नै भएको र सम्पूर्ण ~~भेला~~ नागरीक भेला राखी सो जंगल बाहेकको ठाँउमा भवन बनाउनु पर्ने हुन्छ । र त्यो असुरक्षीत स्थानमा राज्यको पैसाको दुरुपयोग हुने भएकोले यो निर्णयमा मेरो असहमती रहेको छ ।

मनिला विक
उपाध्यक्ष

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

Scanned by TapScanner